प्रस्तावहरु:

१. मासिक प्रगति समिक्षा तथा निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।
३. विविध ।

निर्णय नं. ०१

यस भगवतीमाई गाउँपालिका अन्तर्गत चालु आ.व. २०७८/०७९ मा संचालित आयोजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति समिक्षा र यस अघिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो ।

निर्णय नं. ०२

यस भगवतीमाई गाउँपालिकाको लागि चालु आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना कार्यान्वयन सम्वन्धमा देहाय बमोजिम गर्ने:

क. आयोजना एकीन नभएको सन्दर्भमा मुख्यमन्त्री रोजगार कार्यक्रम सूचना प्रणालीमा आयोजना माग गर्दा पेश भएका कागजात तथा विवरण आयोजना माग गर्ने आवेदकको विवरण र सम्वन्धित वडाको प्रतिनिधिको उपस्थितिमा भएको टोल भेलाले गरेको निर्णय समेतको आधारमा वडा कार्यालयले आयोजना एकीन गर्ने तर एकीन हुन नसकेमा सबै व्यहोरा खुलाई गाउँ कार्यपालिकाको कार्यालयमा लेखि पठाउने ।

ख. आयोजना दोहोरो भएको वा आयोजना कार्यान्वयन हुन नसक्ने अवस्था भएको वा नितान्त व्यक्तिगत प्रयोजनको भएको वा आयोजना नै आवश्यक नदेखिएको वा बजेट र आयोजना बीच तालमेल नमिलेको सन्दर्भमा सम्बन्धित वडाले सो को पुष्टयाई सहितको व्यहोरा खुलाई गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने र यस सम्वन्धमा गाउँ कार्यपालिकाको कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरी पठाउने ।

ग. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको आयोजनामा काम गर्ने श्रमिक छनौट गर्दा सम्बन्धित वडा/टोलको भेलाबाट दोहोरो नपर्ने आधारमा बेरोजगार व्यक्तिको सूची तयार गरी मिति २०७८/०९/१५ गतेभित्र वडा कार्यालयले गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

घ. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना कार्यान्वयनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा पाउने ज्यालादर कायम गर्ने र ६० दिन न्यूनतम रोजगारी उपलब्ध गराउने ।



Scanned with CamScanner